# सन्तानहरूको पालनपोषण

## تربية الأولاد

< नेपाली >

लेखकः

अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की

عتيق الرحمن محمد إدريس خان مكي

संशोधकः

मुहम्मद इदरीस सलफी

محمد إدريس سلفي

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

To connect Author: 0501372254
للتواصل مع المؤلف: 0501372254
लेखकसित सम्पर्क गर्ने नं. ०५०१३७२२५४
प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
नि:शुल्क वितरणको लागि मात्र

पुस्तक पाइने ठेगाना -:

*इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७- ९८१४४९९१४०
सउदी नं. ००९६६५०१३७२२५४

*इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

## प्रस्तावना

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले हाम्रो हृदयलाई आफ्नो सत्मार्गतर्फ लगाइदियो, र आफ्नो श्रद्धा एवं प्रेम र आदरबाट परिपूर्ण गरिदयो । र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुन् । तसर्थ अल्लाहको नगन्य शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तिकामा मैले अआफ्ना सन्तानहरूको पालनपोषण गर्ने तरिकातिर सबैको ध्यानाकर्षण गराउने प्रयास गरेको छु, र सकेसम्म समस्त कुराहरूलाई कुरआन र हदीस एवं विद्हरूको कथनद्वारा प्रमाणीकरण पनि गरेको छु जसलेगर्दा समस्त सन्देहजनक कुराहरूको स्पष्टीकरण र निवारण भइहालोस् ।

मलाई आशा छ कि मेरो यो सानो लेखबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई अवैधानिक कार्य र रीति एवं अनुष्ठानहरूबाट पवित्र र स्वच्छ गर्नेछ । अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । (आमीन)

लेखक
अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की
कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा
तौलिहवा कपिलवस्तु (नेपाल)
एम.ए. उम्मुल कुरा विश्वविद्यालय पवित्र मक्का
email- atiqkhannp1982@yahoo.com
सम्पर्क नं. ००९७७९८१४४९९१४०
सउदी मो. न. ००९६६५०१३७२२५४

قَالَ تَعَالَى: أَعُوذُ بِاللَّهِ مِنَ الشَّيْطَانِ الرَّجِيمِ ﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ قُوٓاْ أَنفُسَكُمۡ وَأَهۡلِيكُمۡ نَارٗا وَقُودُهَا ٱلنَّاسُ وَٱلۡحِجَارَةُ عَلَيۡهَا مَلَٰٓئِكَةٌ غِلَاظٞ شِدَادٞ لَّا يَعۡصُونَ ٱللَّهَ مَآ أَمَرَهُمۡ وَيَفۡعَلُونَ مَا يُؤۡمَرُونَ ٦ ﴾ التحريم: ٦

अर्थ : हे मोमिनहरू ! स्वयं आफूलाई र आफ्ना घरवालाहरूलाई त्यस आगोबाट बचाऊ, जसको ईन्धन मुनष्य र पत्थर हुनेछन्, जसको लागि कठोर स्वभावका यस्ता बलशाली फरिश्ताहरू नियुक्त हुनेछन् जसले त्यसमा अल्लाहको अवज्ञा गर्दैनन् बरु जे आदेश पनि दिइन्छ, त्यसलाई कार्यान्वित गर्दछन् ।( सूरतुत्तहरीम ६ )

र आर्को सूरहमा अल्लाहको फर्मान छ:

﴿ وَٱلۡعَصۡرِ ١ إِنَّ ٱلۡإِنسَٰنَ لَفِي خُسۡرٍ ٢ إِلَّا ٱلَّذِينَ ءَامَنُواْ وَعَمِلُواْ ٱلصَّٰلِحَٰتِ وَتَوَاصَوۡاْ بِٱلۡحَقِّ وَتَوَاصَوۡاْ بِٱلصَّبۡرِ ٣ ﴾ العصر: ١ - ٣

अर्थ : समय (काल) को कसम । वास्तवमा मानिसहरू पूरै घाटामा छन् । ती मानिसहरू बाहेक, जसले ईमान ल्याए र असल कर्म गरिरहे र (जसले) आपसमा सत्य कुराको उपदेश र एक अर्कालाई धैर्यताको ताकेदा गरिरहे । (सूरतुल् अस्र १-३)

र हदीसमा वर्णित छ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"كُلُّكُمْ رَاعٍ وَكُلُّكُمْ مَسْؤول عَنْ رَعِيَّتِهِ، الإِمَامُ رَاعٍ وَمَسْؤولٌ عَنْ رَعِيَّتِهِ، وَالرَّجُلُ رَاعٍ فِي أَهْلِهِ وَهُوَ مَسْؤولٌ عَنْ رَعِيَّتِهِ، وَالْمَرْأَةُ رَاعِيَةٌ فِي بَيْتِ زَوْجِهَا وَمَسْؤولَةٌ عَنْ رَعِيَّتِهَا، وَالْخَادِمُ رَاعٍ فِي مَالِ سَيِّدِهِ وَمَسْؤولٌ عَنْ رَعِيَّتِهِ، -قَالَ: وَحَسِبْتُ أَنْ قَدْ قَالَ: وَالرَّجُلُ رَاعٍ فِي مَالِ أَبِيهِ وَمَسْؤولٌ عَنْ رَعِيَّتِهِ- وَكُلُّكُمْ رَاعٍ وَمَسْؤولٌ عَنْ رَعِيَّتِهِ" (بخاري, مسلم)

अर्थ : तिमीमध्ये प्रत्येक (व्यवस्थापक) संरक्षक हो र त्यसित त्यसको अधीन भएकाहरूको बारेमा सोध्पुछ गरिन्छ, र इमाम (अगुवा) पनि व्यवस्थापक हो र त्यसति पनि त्यस अधीन भएकाहरूबारे सोध्पुछ गरिन्छ, र मान्छे आफ्नो घरपरिवारको व्यवस्थापक हो त्यसबाट त्यस अधीन भएकाहरूबारे प्रश्न गरिन्छ, र महिला आफ्नो स्वामीको घरको व्यवस्थापक हो त्यससित यसबारे सोध्पुछ गरिन्छ, र दास आफ्नो मालिकको मालको पाले हो त्यससित यसबारे सोध्पुछ गरिन्छ । र वर्णनकर्ता भन्छन् कि मलाई यो लाग्छ कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले यो पनि भन्नु भयो कि: मान्छे आफ्नो बुवाको मालको रक्षक हो र त्यससित यसबारे सोध्पुछ गरिन्छ, यसर्थ तिमीमध्ये प्रत्येक संरक्षक हो त्यससित त्यसबारे सोध्पुछ गरिन्छ । (बुखारी, मुस्लिम)

त शिशु र बच्चा एवं आफ्नो सन्तानको लालनपालन र पालनपोषण गर्नु अति आवश्यक कुरो हो, यसतर्फ इस्लामले विशेष ध्यान दिएको छ, किनकि यदि सन्तानको राम्रो पालनपोषण भएन भने याता त्यो सडकछाप भइहाल्छ वा आतंकवादी, वा जुवारी शराबी, जसलेगर्दा हाम्रो समाजमा विगार र विद्रोह एवं उपद्रवको उत्पात हुन्छ, त यसै कारणले इस्लामले यस विषयमा विशेष ध्यान दिएको छ । र यदि माता पिताले यसमा कमिकोतमही गर्छन् अर्थात त्यसको पालनपोषणमा कमी कोताही गर्छन भने उनीलाई दण्ड दिने चेतावनी पनि दिएको छ हदीसमा वर्णन छ रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ: "जुन मान्छेलाई अल्लाह जिम्मेवार र निरीक्षक बनाउँछ अनि त्यो आफ्नो मृत्युसम्म आफ्नो अधीन भएकाहरूलाई धोका दिन्छ त अल्लाह त्यसमाथि स्वर्गलाई वर्जित गरिदिन्छ" । (बुखारी हदीस नं.७१५०, मुस्लिम हदीस नं. १४२ )

त यस हदीसबाट यो प्रष्ट हुन्छ कि प्रत्येक मान्छे आफ्नो अधीन भएका मान्छेहरूको पूर्ण देखरेख र हेरचाह गरोस् र उनीहरूका हक हुकूकलाई पूर्ण गरोस् ।

त माता पिता पनि जिम्मेवार मान्छे हुन् उनी अधीनस्थ उनीहरूका सन्तानहरू हुन्छन् त सन्तानको समस्त प्रकारको जिम्मेवारीको भारी उनीमाथि नै हुन्छ । यसर्थ उनीलाई चाहियो कि आफ्नो सन्तानको राम्ररी पालनपोषण गरुन् र उनीलाई इस्लामीय संस्कारद्वारा सुसज्जित गरुन् ताकि उनीहरू यस

संसारिक जीवनमा सफलता प्राप्त गरुन् र माता पिताको मरणोपरान्त उनका सन्तानहरू उनीहरूको लागि लाभदायक सिद्ध होउन्, जस्तो कि हदीसमा वर्णित छ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "जब मान्छेको मृत्यु भइहाल्छ त तीन कुरा बाहेक समस्त कर्महरूको स्रोत समाप्त भइहाल्छन्: (र ती तीन कुराहरू हुन्ः) निरन्तर रहीरहनेवाला दान, लाभ दिनेवाला विद्या, र असल र सदाचारी सन्तान जुन त्यसको लागि दुआ गर्दैरहन्छ" । (मुस्लिम हदीस नं.१६३१)

त यसबाट यो प्रष्ट हुन्छ कि यदि बच्चाको राम्रो पालनपोषण गरएको छ र त्यसलाई राम्रो संस्कार प्रदान गरिएको छ भने सन्तान आफ्नो संसारिक जीवनमा सफल हुनुको साथै आफ्नो बुवा आमालाई मरणोपरान्त पनि लाभ पुऱ्याउँदै रहन्छ ।

**बच्चाहरूलाई पालनपोषण गर्ने इस्लामीय तरिकाः**

∇ सर्वप्रथम माता पितामाथि यो आवश्यक छ कि बच्चाको जन्म भए पश्चात त्यसको जन्मको सातौं दिन त्यसको अकीका गरुन् अर्थात त्यसको तर्फबाट बलि गरुन्, र त्यसलाई राम्रो नामद्वारा नामाकरण गरुन्, जस्तोकि हदीसमा छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "प्रत्येक बच्चा आफ्नो अकीकामा धितो राखिएको हुन्छ यसर्थ त्यसको जन्मको सातौं दिन त्यसको तर्फबाट बलि गरियोस् (अकीका गरियोस्) र त्यसको नामाकरण गरियोस् र त्यसको टाउको खौराइयोस्" । (अहमद, र यस हदीसलाई इमाम तिर्मिजीले सही भनेका छन्)

∇ यदि शिशुलाई आमा बाहेक कुनै आर्को महिलाको दुध खुवाउनु छ भने यस्तो महिलाको खोज गरियोस् जुन सत्कर्मी र असल महिलाहरुमध्येको होस् ।

∇ मातालाई चाहियो कि सकेसम्म शिशुलाई आफ्नो दुध नै खुवाओस् ।

∇ माता पिता त्यसलाई हलाल जीविका खुवाउन् ।

∇ त्यसको आरामको विशेष ख्याल गरुन् ।

∇ त्यसलाई स्नेहले चुमुन् प्यार गरुन् ।

∇ त्यसलाई इस्लामीय शब्दको उच्चारण सिकाउन् ।

∇ र जब बच्चा बोल्न आरम्भ गरोस् त त्यसलाई अल्लाह, रसूल, मुहम्मद, इस्लाम ... जस्ता शब्द सिकाउन् ।

∇ त्यसलाई इस्लामीय कथाहरू सुनाउन्, र सत्यतामा आधारित घटना र कुराहरू सुनाउन् ।

∇ त्यसलाई इस्लामसित सम्बन्धित सामान्य ज्ञान गराउन्, यस्तै त्यसलाई लाइलाहा इल्लल्लाह र मुहम्मदुर्रसूलुलल्लाहको पूर्ण ज्ञान गराउन्, र बताउन् कि अल्लाह बाहेक कोही सत्य पूजनीय छैन र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम त्यसका भक्त एवं सनदेष्टा हुन् । र यो बताउन् कि त्यो अल्लाह एकलै छ त्यसको कोही सहभागी छैन, त्यसले नै यस ब्रहमाण्डको रचना गरेको छ, त्यो नै सबैलाई जीविका प्रदान गर्छ र त्यो नै सबैलाई जीवन मृतयु प्रदान गर्छ, र त्यो नै सबैको संरक्षक हो, त्यसैको हातमा हानि लाभ छ त्यसबाहेक कोही पनि हानि लाभ र मृत्यु जीवनको मालिक छैन । यसर्थ पूजा योग्य मात्र त्यही परम् पूज्य अल्लाह नै छ । यस ब्रहमाण्डमा त्यस बाहेक कोही छैन जससित सहायताको गुहार गर्न सकियोस्, यसर्थ यस संसारमाथि उसैको सत्ता र अधिपत्य छ । त्यसैले निर्धारित गरेको समय र सीमामा सूर्य, चन्द्र, तारामण्डल र समस्त ग्रहहरू गतिशील छन् सबै त्यसले निर्धारित गरेको समयबाट एक क्षण यता उता हुन्सक्दैनन् नत त्यसले निर्धारित गरेको स्थानबाट एक कण यता उता हुन्सक्छन्, बरु सबै अल्लाहको आदेश बमोजिम नै गतिशील छन् र जबसम्म त्यो परम् पूज्य चाहन्छ गतिशील नै रहन्छन् ।

∇ र यो बताउन् कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहको अन्तिम सन्देष्टा हुन्, जुन समस्त सन्देष्टाहरूको समापक हुनुको साथै सबैभन्दा श्रेष्ठ पनि छन्, अल्लाहले यस संसारमा हाम्रो मार्गदर्शनको लागि अनेकौ सन्देष्टा पठाएको छ जसरी हजरत नूह, हजरत सुलैमान, हजरत दाऊद, हजरत मूसा हजरत इब्राहीम हजरत ईसा..... आदि अलैहिमस्सलाम । तर सबैभन्दा अन्तिम सन्देष्टाकोरुपमा अल्लाहले हाम्रो नबी मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई पठायो र हाम्रो नबीको

सर्वोत्कृष्ट विशेषता यो हो कि उहाँलाई समस्त जाति समुदाय अर्थात पूर्ण जगतको लागि सन्देष्टा बनाएर पठाइयो, उहाँ सल्लल्लाहो अलैहे वसल्लमको बुवाको नाम अब्दुल्लाह र माताको नाम आमिना थियो । र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको टुहुरो भएको अवस्थामा जन्म भयो र दुई वर्षको उमेरमा उहाँको आमाको पनि देहान्त भयो, अनि उहाँ सल्लल्लाहो अलैहे वसल्लम अनाथको जीवन व्यतीत गर्नुमा बाध्य भए ।

∇ र यो बताउन् कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई चालिस वर्षको उमेरमा दूतत्व प्रदान गरियो, जब उहाँ सल्लल्लाहो अलैहे वसल्लम ४० पर्ष पूर्ण गरे त मक्का नगरको जुनकि उहाँ सल्लल्लाहो अलैहे वसल्लमको जन्मभूमि हो प्रसिद्ध गुफा गारे हिरामा दूतत्वबाट सम्मानित गरियो । र उहाँ सल्लल्लाहो अलैहे वसल्लमकी कुल ११ स्वास्नीहरू थिइन्, र चार छोरी र तीन छोराहरू पनि थिए, जसमध्ये छोरीहरू त जीवित थिइन् तर सबै छोराहरूको बाल्यकालमा नै निधन भइसकेको थियो । र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको जन्म पनि सोमवारको दिन भएको थियो र उहाँको स्वर्गबास पनि सोमवारको दिन नै भएको थियो ।

∇ र उनीलाई नमाज व्रत जकात हज्जको सामान्य ज्ञान पनि गराउन् ।

∇ र जब बच्चाहरू सात वर्षसम्म पुगिहालुन् त तिनीलाई नमाज पढने आदेश गरुन्, र जब बच्चाहरू दश वर्षका भइहालुन् त नमाजको लागि कडाइ गरुन् र नमाज नपढेमा पिटाइ पनि गरुन्, किनकि हदीसमा वर्णित छ हजरत अब्दुल्लाह इब्ने उमरको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “जब तिमीहरूका सन्तानहरू सात वर्षका भइहालुन् त उनीलाइ नमाज पढ्ने आदेश गर, र जब दश वर्षका भइहालुन् र नमाज नपढुन् त यसको लागि उनीलाई पिटाइ लगाऊ” । ( सहीहुल जामेअ् लिल अल्बानी हदीस नं. ५८६८)

∇ र उनीहरूलाई यो पनि उपदेश देउन् कि उनी गाली गलोज नगरुन् नत नराम्रा केटाकेटीहरूसंग खेलुन्, नत कुशब्द भनुन् नत अभिमान गरुन्, नत कुनै कुरामा जल्दबाजी गरुन् नत अधैर्यता देखाउन् बरु संतोष गरुन् र धैर्यतालाई अपनाउन्, र अरुलाई नजिसकाउन् नत ठूलो स्वरमा कुरा नै गरुन्, जस्तो कि हजरत लुकमानले आफ्नो सन्तानहरूलाई यो उपदेश गरेका थिए:

﴿ وَلَا تُصَعِّرْ خَدَّكَ لِلنَّاسِ وَلَا تَمْشِ فِي ٱلْأَرْضِ مَرَحًاۖ إِنَّ ٱللَّهَ لَا يُحِبُّ كُلَّ مُخْتَالٖ فَخُورٖ ﴿١٨﴾ وَٱقْصِدْ فِي مَشْيِكَ

وَٱغْضُضْ مِن صَوْتِكَۚ إِنَّ أَنكَرَ ٱلْأَصْوَٰتِ لَصَوْتُ ٱلْحَمِيرِ ﴿١٩﴾ ﴾ لقمان: ١٨ - ١٩

अर्थ : मानिसहरू सम्मुख मुख नफुलाऊ र धरतीमा अहंकार गरी नहिंडनु । निश्चयनै अल्लाहले कुनै अहंकारी र घमण्डीलाई रुचाउँदैन । आफ्नो चालमा सहजता र सन्तुलन कायम राख र आफ्नो आवाज नरम राख ! नि:सन्देह आवाजहरूमध्ये सबैभन्दा नराम्रो स्वर, गधहाहरूको स्वर हुन्छ । ( सूरतु लुकमान १८, १९ )

∇ र बच्चाहरूलाई सतयतातिर उत्साहित गर्नेवाला कुराहरू सुनाउन्,र तिनीहरूलाई हाँसाउन् पनि ।

∇ र बच्चाहरूलाई जायज खेलहरू खेल्न दिउन्, र ती खेलहरूमा प्रोत्साहन गरुन् जुन उनीहरूको सांसारिक जीवनमा पनि लाभदायक होस् जसरी कुश्ती दौड... आदि ।

∇ उनीहरूलाई खानपानको इस्लामीय तरिकाबाट अवगत गराउन्, जसरी बिस्मिल्लाह भनेर खाना आरम्भ गर्नुपर्छ, दायाँ हातले खाना खानु पर्छ र पानी पिउनु पर्छ, र आफ्नो सामुन्नेबाट नै खाना खानु पर्छ । जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले उमर बिन अबि सलमासित भनेका थिए कि: “हे बालक बिस्मिल्लाह भन, र दायाँ हातले खाऊ, र आफ्नो सामुन्नेबाट खाऊ” । (बुखारी हदीस नं. ५३७६, मुस्लिम हदीस नं. २०२७)

∇ र उनीहरूमा सफाइ स्वच्छता र पवित्रताको बानी बसालुन्, र समस्त कुराहरूमा सफाइ र पवित्रताको उपदेश गर्दै रहुन् ।

∇ र अआफ्नो सन्तानहरूलाई गाना बाजाहरूबाट टाढा राखुन्, र गाना बाजा नत स्वयम् सुनुन् नत उनीलाई सुन्नदिउन् ।

∇ र माता पिता नत स्वयम् नै झूठ बोलुन् नत आफ्नो सन्तानलाई नै झूठ बोल्न दिउन्, बरु झूठको दुष्परिणामबाट उनीलाई सचेत गर्दै रहुन्, र सत्यताको पुण्य एवं परिणामसित उनीहरूलाई रुबरु गराउन् ।

∇ र माता पितामाथि यो पनि अनिवार्य छ कि आफ्नो सन्तानहरूबीच निसाफको व्यवहार गरुन् र उनीबीच भेदभाव नगरुन्, बरु सबैलाई एकनास माया गरुन् र सबैको हक अधिकारलाई पूर्ण गरुन् ।

∇ दुराचार र अत्याचार, व्यभिचार र बलात्कार दुष्परिणामलाई उनीहरूको अगाडि स्पष्ट पारुन् ।

∇ विशेषरूपले बालिकाहरूलाई पर्दा गर्ने आदेश गरुन्, र त्यसलाई नअपनाउनुको दुष्परिणामबाट उनीहरूलाई अवगत गराउन् ।

∇ बच्चाहरू जब व्यस्क भइहालुन् त उनीहरूको शादिविवाह गरिदिउन्, र उनीहरूको लागि सदैंव याचना गर्दै रहुन् ।

∇ र उनीहरूले गल्ती गरेमा उनीहरूलाई माफ गरिदिउन् तर त्यसबाट सीख लिने कुरा अवश्य बताउन् ।

∇ उनीहरूलाई आफ्नो जीवनबाट पाएको सीखबाट अवगत गराउन्, र सदैंव उनीहरूलाई सुकर्मतिर प्रेरित गर्दै रहुन् .....आदि ।

त यस जस्ता अरु उपदेशहरूद्वारा समस्त माता पिता अआफ्ना सन्तानहरूलाई इस्लामीय संस्कृतिमा पालनपोषण गर्न सक्छन्, र आफ्नो दायित्वबाट मुक्त हुन्सक्छन् ।

त यस्तो गर्नाले मान्छे मात्र आफ्नो र आफ्नो सन्तानको भलो गर्दैन बरु समस्त संसार र आफ्नो समाज एवं देशको पनि सेवा र कल्याण गरिहेको हुन्छ, किनकि जब सन्तानको राम्रो संस्कृतिमा पालनपोषण भएको हुन्छ त त्यो राम्रो बाटोमा लाग्छ त्यस बाटोमा जसद्वारा समस्त समाज र देश धन्य भइहाल्छ, र त्यसको देश त्यसमाथि गर्व गर्न थाल्दछ, र समाज त्यस बच्चालाई आफ्नो वास्तविक हिरो र नायक मान्दछ जुन उनीहरूको आवश्यकतामा उनीहरूको सहायता गर्दछ, अर्थात त्यससित राजा र प्रजा दुवै खुश र प्रसन्न हुन्छन् । र सबै त्यससित प्रेम गर्न थाल्छन् अनि माता पिता पनि त्यसमाथि गर्वले प्रफुल्लित भइहाल्छन्, र गरिब असहायहरू त्यसको लामो आयुको कामना गर्छन् किनकि त्यो इस्लामीय निर्देशन अनुसार गरिब असहायहरूको सहायता गर्छ, यत्रुहरूको सहायता गर्छ, र श्रृणीहरूको श्रृणको भारी आफू नै बोकिहाल्छ, र आफ्नो माता पिताको सेवासत्कार गर्छ, उनीहरूको कहिले पनि अवज्ञा गर्दैन । र छरछिमेकीहरू पनि त्यससित प्रसन्न हुन्छन्, किनकि आपतवपित्तिमा उनीहरूको काम आउँछ, र उनीहरूसित राम्रो व्यवहार गर्छ, र उनीहरूको हक अधिकारलाई पूर्ण गरि उनीहरूको अधिकारको सुरक्षा गर्छ, र उनीहरूको पूर्णरूपले आदर सम्मान गर्छ । र त्यस देश र समाजका समस्त बासीहरू पनि प्रसन्न हुन्छन् किनकि त्यो उनीहरूको हितको लागि सदैंव कार्यरत रहन्छ र शान्ति सदभावको प्रयास गर्छ र उपद्रवलाई मन पराउँदैन र उपद्रवीहरूलाई पाठ पढाउँछ र उपद्रव विरुद्ध प्रतिकार गर्छ यसलेगर्दा सबै त्यससित प्रसन्न हुन्छन् र त्यसलाई माया गर्छन् ।

र आर्को कुरो के छ भने त्यस बालकको यस कार्यद्वारा अल्लाह पनि प्रसन्न हुन्छ किनकि त्यो त्यही गरिरहेको हुन्छ जुन अल्लाहलाई त्यससित अभीष्ट छ ।

त राम्रो पालनपोषणले गर्दा त्यसबाट समस्त समाज लाभान्वित हुन्छ र पूर्ण समाज र देश यस्ता माता पितालाई आशिर्वाद दिन्छन् जिनले यस्तो सन्तान जन्माए, र यस्तो पालनपोषण गरे ।

त यस सानो लेखद्वारा यो स्पष्ट भयो कि राम्रो पालनपोषणको आवश्यकता समस्त संसारलाई छ, यसलेगर्दा हामीलाई चाहियो कि हामी अआफ्ना सन्तानहरूलाई राम्रो संस्कृति प्रदान गरौं र तिनीहरूको राम्रो शिक्षादिक्षाको प्रबन्ध गरौं, र उनीलाई इस्लामीय तरिकाले पालनपोषण गरौं ताकि त्यसबाट हामी स्वयम् लाभान्वित हुन सकौं र अरु मानिसहरू पनि त्यसबाट लाभ प्राप्त गरुन्, र हाम्रो देश पनि त्यसलाई पाएर धन्य भइहालोस् ।

त यो थियो अति संक्षेपमा सन्तानहरूको इस्लामीय पालनपोषणको वर्णन। अन्त्यमा म अल्लाहसित यो याचना गर्दछु कि अल्लाह हामी सबैलाई उपरोक्तमा वर्णित इस्लामीय तरिकालाई अपनाउने शक्ति र भक्ति प्रदान गरि आफ्नो दयाको पात्र बनाउन् र हाम्रो सुकर्महरूलाई कबूल गरी आफ्नो अर्शमुनि स्थान प्रदान गरुन् । र जेजति हामीले अज्ञानतालेगर्दा पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र यो विन्ती छ कि अल्लाह हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन्। र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन्। र हामीलाई पूर्णरूपले धर्म इस्लाममा प्रवेश हुने सुअवसर प्रदान गरुन्, र त्यसको ज्ञान प्रदान गरी त्यसै बमोजिम कार्यरत रहने शक्ति र दक्षता प्रदान गरुन् । र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन्। ( आमीन )

**समाप्त**

लेखक
अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की
कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा
तौलिहवा कपिलवस्तु (नेपाल)
email- atiqkhannp1982@yahoo.com

सम्पर्क नं. ००९७७९८१४४९९१४०
सउदी मो. न. ००९६६५०१३७२२५४